# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद काफ्ले बंगालादेशको राजधानी ढाकामा एशिया तथा प्रशान्त क्षेत्रको लागि एकीकृत ग्रामीण विकास केन्द्रको छैठौं वार्षिकोत्सवमा भागलिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४२।३।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

## श्री ५ को सरकार
## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले भेरी अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०४१ को दफा ३ को उप-दफा २ (क), (ग) र (घ) ले दिएको अधिकार प्रयोग गरी भेरी अञ्चल अस्पताल विकास समितिको अध्यक्ष र सदस्यहरूमा देहायका व्यक्ति-हरूलाई मनोनीत गरेको छ ।

(१) श्री ५ को सरकारद्वारा मनोनीत श्री कृष्णगोपाल टण्डन – अध्यक्ष

(२) श्री ५ को सरकारद्वारा मनोनीत विशेषज्ञ डाक्टरहरूमध्येबाट–
- (क) डा. दुर्गाप्रसाद प्रधान – सदस्य
- (ख) डा. गोपालप्रसाद श्रेष्ठ – सदस्य
- (ग) डा. मोइउद्दिन किडवाई – सदस्य

(३) श्री ५ को सरकारद्वारा मनोनीत समाजसेवी र बुद्धिजीवीहरूमध्येबाट–
- (क) माननीय श्री फत्तेहसिंह थारू – सदस्य
- (ख) भू. पू. सभापति श्री जगदीशबहादुर बर्मा – सदस्य
- (ग) श्री कैलाशशम्शेर ज. ब. रा. – सदस्य

आज्ञाले,
चन्द्रकला किरण
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९३

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

जिल्ला कार्यालय लमजुङका प्र. जि. अ. श्री रामप्रसाद अरूण क्या. बि. र घर बिदामा बस्नुभएकोले उहाँ हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री योगराज शर्मालाई मिति २०४२।३।२ देखि का. मु. मुकरर गरिएको छ ।

आज्ञाले,
श्रीमती गौरी ढकाल
कानून अधिकृत (उप-सचिव)

मुद्रण विभाग, सिंहदरबार



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९४